# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, असार १० गते, २०७५ साल (अतिरिक्ताङ्क १

## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**प्रदेश नम्बर ५ को प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५**

प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नम्बर ५ को प्रदेश सभाले देहायका नियमहरु वनाएको छ ।

CamScanner

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमहरूको नाम "प्रदेश नम्बर ५ को प्रदेश सभा (पहिलो संशोधन) नियमावली २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम २ मा संशोधनः प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) नियम २ को

(क) खण्ड (ड) झिकिएको छ ।

(ख) खण्ड (ट) मा रहेको मुख्यमन्त्री भन्ने शब्दपछि मन्त्री' भन्ने शब्द थपिएको छ ।

३. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को उपनियम (१) मा रहेको टेवुल' भन्ने शब्दको सट्टा पेश' भन्ने शब्द राखिएको छ ।

४. मूल नियमावलीको नियम ४२ मा संशोधनः मूल नियमावलीको नियम ४२ को उपनियम (१) मा रहेको सात' भन्ने शब्दको सट्टा तीन' भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको नियम ४५ मा संशोधनः मूल नियमावलीको नियम ४५ को नियम शिर्षकमा रहेको टेवुल' भन्ने शब्दको सट्टा पेश' भन्ने शब्द राखिएको छ र मूल नियमावलीको नियम ४५ को-

(१) उपनियम (१) मा रहेको 'टेबुल' भन्ने शब्दको सट्टा 'पेश' भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) मा रहेको 'टेबुल' भन्ने शब्दको सट्टा 'पेश' भन्ने शब्द राखिएको छ ।

६. मूल निमावलीको नियम ५९ मा संशोधनः मूल नियमावलीको नियम ५९ को,-

(१) उपनियम (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर जरुरी सार्वजनिक महत्वको विषयमा ध्यानाकर्षण गराएको हकमा सकेसम्म तत्काल र कुनै जानकारी लिनु पर्ने विषय भए तीन दिन भित्र जवाफ दिनु पर्नेछ । यदि सभाको बैठक नबसेको अवस्था भए लिखित जवाफ पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (५) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर ध्यानाकर्षण गराउने विषय जरुरी सार्वजनिक महत्वको विषय भए बैठक बस्नु एक घण्टा अगाडि सूचना दिए पुग्नेछ । यस्तो ध्यानाकर्षण गराउने विषय सभामुखबाट स्वीकृत भएमा कार्यसूचीमा नभएपनि अन्यथा मानिने छैन ।"

७. मूल नियमावलीको नियम ११३ मा संशोधनः मूल नियमावलीको नियम ११३ को उपनियम (३) को ठाँउ ठाँउमा रहेको 'विधायन' भन्ने शब्दको सट्टा 'सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

८. मूल नियमावलीको नियम ११९ मा संशोधनःमूल नियमावलीको नियम ११९ को नियम शिर्षकमा रहेको विधायन' भन्ने शब्द झिकी नियमावलीमा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

९. मूल नियमावलीको नियम १२० मा संशोधनःमूल नियमावलीको नियम १२० को उपनियम (२) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

१०. मूल नियमावलीको नियम १२१ मा संशोधनःमूल नियमावलीको नियम १२१ को-

(१) उपनियम (१) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) को खण्ड (ख) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(३) उपनियम (५) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(४) उपनियम (६) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(५) उपनियम (७) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।



CamScanner

(६) उपनियम (८) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

११. मूल नियमावलीको नियम १२२ मा संशोधन:मूल नियमावलीको नियम १२२ मा रहेको' विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

१२. मूल नियमावलीको नियम १२३ मा संशोधन:मूल नियमावलीको नियम १२३ को उपनियम (१) को खण्ड (क) को (२) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

१३. मूल नियमावलीको नियम १२६ मा संशोधन:मूल नियमावलीकोनियम १२६ को,-

(१) उपनियम (५) मा रहेको विधेयक भन्ने शब्दपछि छ प्रति' भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (४) को सट्टमा देहायको उपनियम (४) राखिएको छ:-

"४. उपनियम (२) बमोजिम प्रमाणीकरण भएका प्रतिहरु मध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी, दुई प्रति प्रदेश सभाको सचिवालयमा र अन्य एक-एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र नेपाल सरकारको कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ ।

त्यसरी प्रामाणीकरण भई प्राप्त प्रतिहरू सुरक्षित साथ राख्नु पर्नेछ ।"

१४. मूल नियमावलीको नियम १२९ मा संशोधनः मूल नियमावलीको नियम १२९ को,

(१) उपनियम (१) मा रहेको प्रस्तुत भन्ने शब्दकोपछाडि गरी एक प्रति पेश" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (२) झिकिएको छ ।

(३) उपनियम (३) मा रहेको टेबुल" भन्ने शब्दकोसट्टा पेश" भन्ने शब्द राखिएको छ ।

१५. मूल नियमावलीको नियम १३९ मा संशोधनः मूल नियमावलीको नियम १३९ को उपनियम (३) रहेका पूर्की खर्च विधेयक सरह" भन्ने शब्दहरुको सट्टा सभामुखले तोकेबमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल नियमावलीको नियम १४० मा संशोधनःमूल नियमावलीको नियम १४० को उपनियम (१) मा रहेको पछि बसेको सभाको बैठकमा" भन्ने शब्दहरु झिकिएको छ ।

१७. मूल नियमावलीको नियम १४६ मा संशोधनः मूल नियमावलीको नियम १४६ को सट्टा देहायको नियम १४६ राखिएको छः-

"१४६. विषयगत समितिहरुः प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरु रहनेछन्:-

| क्र.स. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १. | सार्वजनिक लेखा समिति | सार्वजनिक लेखा सम्बन्धी विषय र प्रादेशिक संवैधानिक निकाय तथा आयोगका प्रतिवेदन । |
| २. | अर्थ उद्योग तथा पर्यटन समिति | आवधिक तथा क्षेत्रगत योजना कर बीमा, वित्तिय संख्या खानी तथा खनिज उद्योग, पर्यटन एवं आर्थिक मामिला तथा योजना मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धी । |
| ३. | भौतिक पूर्वाधार तथा विकास समिति | उर्जा विद्युत, सिंचाई खानेपानी यातायात एवं भौतिक पूर्वाधार विकास मन्त्रालय सम्बन्धी । |
| ४. | प्रदेश मामिला तथा कानूनसमिति | शासन व्यवस्था, मानव अधिकार सुशासन, कानून, न्याय प्रत्यायोजित अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था प्रदेश प्रहरी, विपद व्यवस्थापन एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धी । |
| ५. | सामाजिक विकास समिति | शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति श्रम, |

| | | |
|---|---|---|
| | | रोजगारसमाज कल्याण एवं सामाजिक विकास मन्त्रालय सम्बन्धी । |
| ६. | कृषि वन तथा वातावरण समिति | कृषि पशुपालन खाद्य सुरक्षा भूमिव्यवस्था सहकारी वातावरण एवं भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय र र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सम्बन्धी । |

१८. मूल नियमावलीको नियम १४८ मा संशोधनः मूल नियमावलीको नियम १४८ को-

(१) उपनियम (१) मा रहेको "एक्काइस" भन्ने शब्दको सट्टमा "पन्ध्र" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"१क. मुख्यमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुनेछ ।"

(३) उपनियम (३) मा कुनै सदस्य' भन्दा अगाडि शुरुमा मन्त्री बाहेक' भन्ने शब्दहरु थपिएका छन् ।

१९. मूल नियमावलीको नियम १५१ मा संशोधनः मूल नियमावलीको नियम १५१ को-

(१) उपनियम (१) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) मा रहेको विधायन समिति बाहेक अन्य' भन्ने शब्दहरु झिकिएको छ ।

२०. मूल नियमावलीको नियम १६६ मा संशोधनः मूल नियमावलीको नियम १६६ को-

(१) उपनियम (१) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) मा रहेको विधायन' भन्ने शब्दको सट्टा सम्बन्धित' भन्ने शब्द राखिएको छ ।

२१. मूल नियमावलीको परिच्छेदमा संशोधन: मूल नियमावलीको परिच्छेद २५ को परिच्छेद शिर्षकमा रहेकोटेवुल' भन्ने शब्दकोसट्टा पेश' भन्ने शब्द राखिएको छ । '

२२. मूल नियमावलीको नियम १९८ मा संशोधन: मूल नियमावलीको नियम १९८ को नियम शिर्षकमा रहेकोटेवुल' भन्ने शब्दकोसट्टा पेश' भन्ने शब्द राखिएको छ:-

मूल नियमावलीको नियम १९८ को-

(१) उपनियम (१) मा रहेको टेवुल' भन्ने शब्दको सट्टा पेश' र प्रतिवन्धात्मक वाक्यांशको २ ठाँउमा रहेका टेवुल' भन्ने शब्दको सट्टा पेश' भन्ने शब्द राखिएका छन् ।

(२) उपनियम (२) मा रहेको टेवुल' भन्ने शब्दको सट्टा पेश' भन्ने शब्द राखिएको छ ।

२३. मूल नियमावलीको नियम २०९ मा संशोधन:मूल नियमावलीको नियम २०९ को

(१) उपनियम (१) पछि देहायको उपनियम १क. थपिएको छ:-

"१क. राष्ट्रपति, प्रधानमन्त्री र प्रतिनिधि सभाको सभामुखले उपनियम (१) को प्रक्रिया बमोजिम सभालाई सम्बोधन गर्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेको उपनियम (१) पछि " र १क" भन्ने शब्दहरू थपिएका छन् ।

मितिः २०७५/०३/१०

आज्ञाले,
डा. मान बहादुर बीके
प्रदेश सचिव



प्रकाशनः प्रदेश नं ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय